# फिदिम नगर कार्यपालिका बैठक

बैठक संख्या:- ६७

बैठक मिति: २०७९/०३/०७

नेपालको संविधानको धारा २१४ (क) मा नगरपालिकाको कार्यकारिणी कार्य सञ्चालन नगर कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले फिदिम नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम नगर कार्यपालिकाका प्रमुख मित्र प्रसाद काफ्ले ज्यूको अध्यक्षतामा देहायका उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

देहायः

प्रमुख श्री मित्र प्रसाद काफ्ले

उपप्रमुख श्री राधा कृष्ण न्यौपाने

सदस्य श्री गजा धर भट्टाराई

सदस्य श्री दिनानाथ अधिकारी

सदस्य श्री नरेन्द्र गुरुङ

सदस्य श्री उपेन्द्र लावती

सदस्य श्री भरत तुम्बापो

सदस्य श्री विपन तुम्रोक

सदस्य श्री रुपेन्द्र तामाङ्ग

सदस्य श्री सोम बहादुर गुरुङ्ग

सदस्य श्री गंगा प्रसाद राई

सदस्य श्री ओम राज थाम्सुहाङ

सदस्य श्री राजेन्द्र कुमार थापा

सदस्य श्री कमल प्रसाद चापागाई

सदस्य श्री दिल कुमार नेम्बाङ्ग

सदस्य श्री राज कुमार नेम्वाङ्ग

सदस्य निर बहादुर विश्वकर्मा

सदस्य श्री नरेन्द्र कामी

सदस्य डिल्लीराम विश्वकर्मा

सदस्य शारदा देवी पोखरेल

सदस्य सुस्मिता रम्तेल

सदस्य कामना राई Kamana

सदस्य सिता गिरी वर्देवा

सदस्य सिमा तुम्बापो

सचिव श्री गणेश प्रसाद दाहाल

वैठक संख्याः- ६७ वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- १

विषयः– ११ औं फिदिम नगर सभामा प्रस्तुत गरिने विधेयक सम्बन्धमा ।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

नेपालको संविधानको भाग १८ मा स्थानीय व्यवस्थापिकाको व्यवस्था छ ।संविधानतः संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकिय अधिकार गाउँ सभा वा नगरसभामा निहित हुन्छ । फिदिम नगरपालिकाका प्रमुखले प्रचलित कानुनअनुसार फिदिम नगरपालिकाको ११ औं नगरसभा यही असार १० गतेका लागि आव्हान गर्नुभएको छ । यसबारे सभाका सदस्यहरूलाई जानकारी गराईएको र सहभागीताको व्यवस्था मिलाई सकिएको छ स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ मा सभाको बैठक र कार्यप्रणालीको व्यवस्था छ ।। सभामा पेश गरिने प्रस्तावहरुबारे निर्णय लिनुपर्ने हुन्छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

नगर सभा सञ्चालनको सम्बन्धमा प्रदेश सरकार , प्रदेश नं. १ ले "गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन,२०७५" जारी गरेको छ । सभा सञ्चालन र सभामा पेश गरिने विधेयकहरुको प्रस्तावका सम्बन्धमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ ले समेत मार्गदर्शन प्रदान गरेका छन् ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

आगामी आ.व. को नीति तथा कार्यक्रम, आर्थिक एवं विनियोजन विधेयक र वार्षिक विकास कार्यक्रम/ बजेटको एकीकृत प्रस्ताव कार्यपालिकाबाट स्वीकृत गरी असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको देहायका विधेयक/दस्तावेजहरुको मस्यौदा स्वीकृत गर्ने र स्वीकृत गरिएका मस्यौदा विधेयकहरु मिति २०७९ असार १० गते आव्हान गरिएको ११ औं फिदिम नगरसभा समक्ष पारितका लागि प्रस्ताव पेश गर्ने

- "फिदिम नगरपालिका विनियोजन ऐन, २०७८" लाई संशोधन गर्न बनेको विधेयक, २०७९
- फिदिम नगरपालिका विनियोजन विधेयक, २०७९
- फिदिम नगरपालिका आर्थिक विधेयक, २०७९
- फिदिम नगरपालिकाको आ.व. २०७९/८० को नीति, कार्यक्रम तथा बजेट
- फिदिम नगरपालिका, ११ औं नगरसभाको कार्यसूची

वैठक संख्याः- ६७ वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- २

विषयः– फिदिम नगरपालिका, स्थानीय न्यायिक समितिको गठन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः
नेपालको संविधानको भाग १७ को धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गठन हुने ३(तीन) सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ। न्यायिक समितिका दुई जना सदस्यहरु नगर सभा सदस्यहरुमध्येबाट निर्वाचित गराउनुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः
न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला, जग्गा जमिन, अंशबण्डा, साँध विवाद जस्ता मुद्दाको टुङ्गो लगाउने गर्दछ। न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिक रूपमा गर्दछन्। गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नु पर्ने व्यवस्था गरिएको छ। समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुखमार्फत सम्बन्धित सभा (गाउँ वा नगर सभा)मा पेस गर्नुपर्ने हुन्छ। न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु व्यवस्था रहेको छ। साथै न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः
कानूनमा तोकिएका काम, कर्तव्य र अधिकारलाई मूर्त रुप प्रदान गर्न आवश्यक पर्ने विधि, प्रकृया तय गर्न र निर्णयहरु लिन समिति गठन गर्नुपर्ने भएकोले, निर्धारित विधि र प्रकृयाको उपयोगबाट पारदर्शी रूपमा कार्य गर्न आवश्यक भएकोले, स्थानीय सरकारलाई जिम्मेवार वनाई नागरिकप्रति जवाफदेही वनाउन पर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः
नेपालको संविधान धारा २१७ उपधारा(२) बमोजिम फिदिम नगरपालिका न्यायिक समितिको गठन निम्नानुसार हुन ११ औँ नगरसभामा पेश गर्ने

क) संयोजनक – नगर उपप्रमुख श्री राधाकृष्ण न्यौपाने

ख) सदस्य- वडाअध्यक्ष, १ नं. वडा श्री गजाधर भट्टराई

ग) सदस्य- वडासदस्य, ४ नं. वडा श्री शारदा पोखेल आङ्देम्बे

वैठक संख्याः- ६७ वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ३

विषयः– भेल बाढीले क्षति गरेका सडकहरु मर्मत सम्बन्धमा ।

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

फिदिम नगरपालिका वडा नं. ०५ ,०९, १० र १४ का विभिन्न सडकहरुमा भेल बाढीले क्षति पुर्याई सहज आवागमनमा बाधा परेको हुँदा तिनको सफाई गरिदिनुहुन भनी सम्बन्धित वडा समितिबाट अनुरोध भई आएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

वर्षा याममा हुने अविरल वर्षाका कारण खोलाखोल्सी र नदीमा पानी बढ्ने, तिनले भेलबाढीको रुप ग्रहण गरी धनजनको क्षति गर्ने गरेको छ । नगरभित्रका विपद् सम्भावित वस्ती र परिवार तथा खुला क्षेत्र पहिचान गर्दै नागरिक सुरक्षा गर्नु स्थानीय तहको काम हो । विपद्का विषयमा उद्धार र राहतमा भन्दा रोकथाममा ध्यान दिन पर्ने हुन्छ ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

नगरपालिका भित्रका जोखियुक्त वस्ती तथा घर र अन्य संरचनाको सुरक्षा गर्नु स्थानीय सरकारको दायित्व हो । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) को खण्ड न. मा विपद व्यवस्थापन सम्बन्धी विभिन्न कामहरू तोकिएको छ । तिनै कामहरू मध्ये यो पनि एक हो ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

फिदिम नगरपालिका वडा नं. ५, ९, १० र १४ मा भेल बाढीले क्षति पुर्याएको देहायका बाटोहरुको सफाई कार्य गर्न लाग्ने प्राविधिक स्टिमेटअनुसारको रकम मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी सम्बन्धित वडा समितिलाई देहायअनुसार उपलब्ध गराउने निर्णय भयो ।

क) होक्माखोला दारेगौडा देखि ढलेबर खण्ड सडक मर्मत, वडा नं. ५ ------------- रु. ७५,०००/-

ख) फेमेसेवा सडक खण्ड, वडा नं. ९ ---------------------------रु. ७०,०००/-

ग) पिपिसी हाईड्रोपावर सडक खण्ड मर्मत, वडा नं. १० ----------------रु. २,००,०००/-

घ) पौवाभञ्ज्याङ गुर्धुम फुल्पा, वडा नं. १४ -------------------रु. ३५,०००/-

ङ) मेची राजमार्गबाट सिचाईँ कार्यालय जाने बाटो, वडा नं. २------------------------रु. १,७५,०००/-

वैठक संख्या:- ६७

वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ३

विषयः– भेल बाढीले क्षति गरेका सडकहरु मर्मत सम्बन्धमा ।

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

फिदिम नगरपालिका वडा नं. ०५ ,०९, १० र १४ का विभिन्न सडकहरुमा भेल बाढीले क्षति पुर्याई सहज आवागमनमा बाधा परेको हुँदा तिनको सफाई गरिदिनुहुन भनी सम्बन्धित वडा समितिबाट अनुरोध भई आएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

वर्षा याममा हुने अविरल वर्षाका कारण खोलाखोल्सी र नदीमा पानी बढ्ने, तिनले भेलबाढीको रुप ग्रहण गरी धनजनको क्षति गर्ने गरेको छ । नगरभित्रका विपद् सम्भावित वस्ती र परिवार तथा खुला क्षेत्र पहिचान गर्दै नागरिक सुरक्षा गर्नु स्थानीय तहको काम हो । विपद्का विषयमा उद्धार र राहतमा भन्दा रोकथाममा ध्यान दिन पर्ने हुन्छ ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

नगरपालिका भित्रका जोखियुक्त वस्ती तथा घर र अन्य संरचनाको सुरक्षा गर्नु स्थानीय सरकारको दायित्व हो । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) को खण्ड न. मा विपद व्यवस्थापन सम्बन्धी विभिन्न कामहरू तोकिएको छ । तिनै कामहरू मध्ये यो पनि एक हो ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

फिदिम नगरपालिका वडा नं. ५, ९, १० र १४ मा भेल बाढीले क्षति पुर्याएको देहायका बाटोहरुको सफाई कार्य गर्न लाग्ने प्राविधिक स्टिमेटअनुसारको रकम मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी सम्बन्धित वडा समितिलाई देहायअनुसार उपलब्ध गराउने निर्णय भयो ।

क) होक्माखोला दारेगौडा देखि ढलेबर खण्ड सडक मर्मत, वडा नं. ५ ------------- रु. ७५,०००/-

ख) फेमेसेवा सडक खण्ड, वडा नं. ९ --------------------------- रु. ७०,०००/-

ग) पिपिसी हाईड्रोपावर सडक खण्ड मर्मत, वडा नं. १० ---------------- रु. २,००,०००/-

घ) पौवाभञ्ज्याङ गुर्धुम फुल्पा, वडा नं. १४ ------------------- रु. ३५,०००/-

(ङ) का मेची राजमार्ग देखि फिदिम कार्यालय जाने बाटो·

जम्मा रकम - - १,८५,०००/-

बैठक संख्याः- ६७

बैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ४

विषयः– विधायन समितिले स्वीकृतिका लागि सिफारिस गरेका कार्यविधिहरु।

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ। यस्तो ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्तछ । फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने एनुको अधीनमा रही कार्य गर्न बालकल्याणकोष, अपांगता भएका व्यक्तिहरुलाई आर्थिक सहयता/तिनबाट सञ्चालित मिलिजुली कोष र कर्मचारी कल्याणकोष सम्बन्धी कार्यविधि स्विकृतिका लागि विधायन समितिले मस्यौदा सिफारिस गरेको छ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

फिदिम नगरपालिकाले स्थानीय सबै वडामा मिलिजुली समूह निर्माण तथा गठन गरिसकेको छ । अपाङगता भएका व्यक्तिहरूको संभावित र इच्छित सिप बिकास तथा व्यवसाय सञ्चालन तथा प्रबर्द्धन गर्न जरूरी छ । फरक क्षमता भएका व्यक्तिले पनि समाजमा आफ्नो योगदान गर्न सक्छन भन्ने सन्देश पनि संप्रेषण गर्नु छ। यसको लागि प्रत्येक वडामा वडा स्तरीय मिलिजुली समुहको बैंक खाता खोलिएको र उक्त खातामा बिउपुँजी जम्मा पनि भइसकेको छ। यसलाई सदस्यहरूवीच लगानी गरी आर्थिक उन्नतिमा कार्य गर्न र त्यो कार्यलाई व्यवस्थित तवरले सञ्चालन व्यवस्थापन गर्न यो कार्यविधि जरूरी भयो। प्रस्तावित अन्य कार्यविधिहरू समेतको अध्ययन, अवलोकन र पुनरावलोकन गरी पारित गर्नुपर्ने हुन्छ। स्थानीय राजपत्रमा प्रकाशित गरी सूचना पाटीमा समेत सार्वजनिक गर्ने र वेवसाइटमा समेत राखेर कार्यान्वयन गर्नु आवश्यक छ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

विधायन समितिले गरेको सिफारिसउपर कारवाही गरी संविधान प्रद्धत विधायिकी अधिकारको प्रयोग, स्थानीय शासनको सुदृढीकरण र सुशासन प्रवर्द्धन गर्नुपर्ने भएकोले। सिफारिस भएका मस्यौदाहरु यसअघिको कार्यपालिका बैठकमा समेत पेश भएको र आवश्यक अध्ययन विश्लेषण गर्नुपर्ने भएकोले पुनः आगामी बैठकमा पेश गर्न भनी निर्णय भएअनुसार स्वीकृतिका सम्बन्धमा निर्णय हुन पेश गरिएको हो।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

विधायन समितिले मस्यौदा सिफारिस गरेका देहायअनुसारका कार्यविधिहरु उपर अझै अध्ययन विश्लेषण आवश्यक रहेको हुँदा अर्को बैठकमा पुनः पेश गर्ने व्यवस्था मिलाउने।

- फिदिम नगरपालिका अपाङ्गता भएका व्यक्तिहरुको उपचार सहयोग कार्यविधी-२०७९
- फिदिम नगरपालिकाका मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिबनयापन तथा स्वास्थ उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी-२०७९
- फिदिम नगरपालिका अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुलि समुहले बिउपुँजी सञ्चालन तथा परिचालन सम्वन्धी कार्यविधी २०७९
- फिदिम नगरपालिका कर्मचारी कल्याणकोष संचालन निर्देशिका, २०७९

बैठक संख्याः- ६७

बैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ५

विषयः– बजार व्यवस्थापन समितिको गठन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाको मुख्य बजार १, २ र ४ नं. वडामा पर्छ। २ नं. वडामा फिदिम बसपार्क निर्माण भई सञ्चालनमा रहेको छ । अन्य वडाहरुमा पनि साना बजारोन्मुख बस्तीहरु रहेका छन् । बजारको सौन्दर्यता र बजारमा हुने गतिविधि/क्रियकलापलाई सुव्यवस्थित बनाउन बजार व्यवस्थापन समितिको गठन आवश्यक भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

फिदिम नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यलाई अझै प्रभावकारी बनाउनु पर्ने देखिन्छ। सफाईमा खटिएका कर्मचारीहरुलाई जिम्मेवार बनाउनु आवश्यक हुन्छ । सफाई कार्यका लागि खटिएका कर्मचारी एवं सवारीसाधनहरुलाई स्थानसहितको कार्यतालिका तोकी नियमित रुपमा सबै बजारका फोहर उठाउने पद्धतिको विकास गर्नु आवश्यक छ। फिदिम बजार क्षेत्रको मात्र नभई अन्य वडामा रहेका साना बजारको फोहरसमेत आवश्यकता हेरी ७/७ वा १५/१५ दिनमा उठाउन सकिने वातावरणको आवश्यक हुन्छ। यि र यस्तै क्रियाकलाप गर्न मुख्य बजारमा परेका १,२ र ४ नं. वडाका वडाअध्यक्षहरु रहेको बजार व्यवस्थापन समितिको गठन यस अघिको नेतृत्वबाट भएको देखिन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम बजार क्षेत्रलाई स्वच्छ र सफार राख्न,अव्यवस्थित व्यवसाय सञ्चालन र स्थापना गर्न रोक लगाउन, भौतिक निर्माण कार्यलाई व्यवस्थित गर्न, व्यवस्थित पार्किङ तथा व्यवस्थित फूटपाथको व्यवस्था गर्न बजार व्यवस्थापन समितिको गठन आवश्यक भएको ।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम बजार व्यवस्थापनसम्बन्धी कानूनी व्यवस्थाको लागी आवश्यक कानूनको मस्यौदा तयार गर्न कार्यालयलाई निर्देशन दिने र बजारको सुव्यवस्थाको लागि सरोकारवालाहरुको समन्वयमा आवश्यक कार्यहरु गर्न हाललाई देहायअनुसार बजार व्यवस्थापन समितिको गठन गर्ने निर्णय भयो।

क) संयोजक- श्री गजाधर भट्टराई , वडाअध्यक्ष, १ नं. वडा

ख) सदस्य – श्री दिननाथ अधिकारी,वडाअध्यक्ष, २ नं. वडा

ग) सदस्य- श्री उपेन्द्र लावती, वडाअध्यक्ष, ४ नं. वडा

घ) सदस्य- श्री शारदा पोखरेल आङ्देम्बे, वडा सदस्य, ४ नं. वडा

ङ) सदस्य- श्री नविन ओझा, वडा सदस्य, २ नं. वडा

वैठक संख्याः- ६७

वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ६

विषयः– "फिदिम नगरपालिका न्यायिक समितिको वार्षिक प्रतिवेदन,२०७९" सभामा पेश गर्ने सम्बन्धमा ।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

नेपालको संविधान धारा २१७ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको तत्कालीन उपप्रमुख श्री उर्मिला प्रधान श्रेष्ठज्यूको संयोजकत्वमा गठन भएको न्यायिक समितिले आ.व. ०७८/७९ मा गरेको कामको वार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्नुपर्ने हुन्छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

सिमित स्रोत साधन, दक्ष कानूनी जनशक्ति तथा पर्याप्त तालिमको अभावका बाबजुद पनि न्यायिक समितिले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले तोकेको अधिकार क्षेत्रको परिधीमा रही विभिन्न विषयमा प्राप्त भएका विवाद तथा मुद्दाहरुको मेलमिलापका माध्यमबाट निरुपण गरेको छ ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

प्रतिवेदनअनुसार १० वटा विवादहरु निरुपणका लागि दर्ता भएकोमा ५ वटा विवादहरु समाधान भएको र ३ वटा समाधान हुन नसकेको र १ वटा विवाद समाधानको प्रकृया रहेको व्यहोरा प्रतिवेदनमा उल्लेख छ । कानुनले न्यायिक समितिले गरेको कामको वार्षिक विवरण सभासमक्ष पेश गर्नुपर्ने भनी प्रचलित कानुनले गरेको व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका न्यायिक समितिले सम्पादन गरेका न्यायीक गतिविधिहरु उल्लेख भएको "फिदिम नगरपालिका न्यायिक समितिको वार्षिक प्रतिवेदन,२०७९" स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५३ (२)मा भएको व्यवस्थाअनुसार सभामा पेश गर्ने निर्णय भयो ।

वैठक संख्याः- ६७ | वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ७

विषयः– गणेशमान सिंह सामुदायिक अस्पताललाई सञ्चालन अनुमति प्रदान गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

गणेशमान सिंह स्वास्थ्य सहकारी संस्था लि., फिदिम ०१, पाँचथरको च.नं.०९, मिति २०७८/१०/१० को पत्रबाट फिदिम ०१, पाँचथर मा पन्ध्र(१५) शैय्याको गणेशमान सिंह सामुदायिक अस्पताल सञ्चालनका लागि पूर्वाधार निर्माण कार्य गरिसकेको हुँदा सञ्चालन अनुमति प्रदान गरिदिनुहुन भनी माग निवेदन पेश भएकोमा सो सम्बन्धमा स्थलगत अध्ययन गरी राय पेश गर्न यसअघिको कार्यपालिका बैठकले ६ सदस्यीय अनुगमन समितको गठन गरेको थियो। अनुगमन समितिले अस्पतालको२०७९/०२/३१ गते स्थलगत निरीक्षण गरी सोका आधारमा अध्ययन प्रतिवेदन बुझाएको छ। बैठकसमक्ष प्रतिवेदन पढीवाची सुनाईयो।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

प्रस्तावित हस्पिटलले देहायअनुसारका विषयमा सुधार गर्नुपर्ने भनी अनुगमन प्रतिवेदन प्राप्त भएको छ।

- भौतिक संरचना सानो भई सेवा प्रदान गर्न गाह्रो भएकोले स्थान बढाउनुपर्ने
- आकस्मिक कक्षमा Medical Triage सहितको बेडको व्यवस्था हुनुपर्ने
- मेसिनरी रिपियर्स, कन्टिजेन्सी प्लान, फोहरमैला व्यवस्थापन योजना तथा आर्थिक योजनहरु नभएकोले बनाउनुपर्ने
- कर्मचारीहरुको संख्या कम तथा पार्किङ क्षेत्र कम भएको।

अनुगमनमा क्रममा प्रदान गरिएका सुझावहरु प्रतिवेदनमा यसरी सुचीबद्ध गरिएका छन :

- ✓ स्वास्थ्य कार्यालय तथा फिदिम नगरपालिकासँग समन्वय गरी promotive & Preventive Health Program चलाउनुपर्ने
- ✓ प्रत्येक महिनाको मासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने
- ✓ अस्पताल स्वीकृत भएपछि एम्बुलेन्सको व्यवस्था हुनुपर्ने
- ✓ जम्मा सेवा प्रदान गरेको १० प्रतिशत बिरामीहरु(असहाय, गरिब, महिला, अपांग तथा शहिद परिवारलाई) निशुल्क सेवा दिनुपर्नेछ र सोको विवरण न.पा. मा पेश गर्ने।
- ✓ भवन अपांगमैत्री तथा वातावरणमैत्री नभएकोले सुधार गर्नुपर्ने।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

गठित अनुगमन समितले पेश गरेको प्रतिवेदन उपर कारबाही गर्नुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका वडा नं. ०१ मा सञ्चालनको लागि प्रस्तावित गणेशमान सिंह सामुदायिक हस्पिटललाई सञ्चालन स्वीकृति प्रदान गर्ने सन्दर्भमा "फिदिम नगरपालिका स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका,२०७६" मा भएको व्यवस्था बमोजिम जिल्ला अस्पताल पाँचथरका वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट श्री बुद्धि बहादुर थापाको संयोजकत्वमा गठित अनुगमन समितिले सुधार गर्नुपर्ने पक्षहरु भनी औल्याएका विषयहरु र प्रदान गरेको सुझावहरु छ(६) महिना भित्रमा प्रस्तावित हस्पिटलले पूरा गर्ने कबुलियतनामा गराई अस्पताललाई एक (१) वर्षसम्मको सञ्चालन अनुमति प्रदान गर्न कार्यालयलाई निर्देश गर्ने।

वैठक संख्याः- ६७

वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ८

विषयः– कार्यक्रममा विनियोजित रकम संशोधन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

आ.व. ०७८/७९ को लागी स्वीकृत फिदिम नगरपालिकाको वार्षिक विकास कार्यक्रमको सि.नं. ५ मा उल्लेखित कार्यसम्पन्न भई सोमा भएको विनियोजन बचत समेत हुन आएको छ भने सि.नं. ४ अनुसारको कार्य गर्न रकम अपुग हुने देखिन्छ। सि.नं. ५ बाट बचत हुन आएको रकमको उपयोग गरी सि.नं. ४ मा तोकिएको कार्य गर्न निर्णय लिनु पर्ने भएको छ। यस्तै, कार्यक्रम स्वीकृत भई समयाभावको कारण कार्यान्वयन गर्न कठिन देखिएको कार्यक्रममा भएको विनियोजनलाई तत्काल गर्न सकिने, बढी माग र आवश्यकता भएको फिदिम नगरपालिका भित्तेपात्रो प्रकाशन र दन्तशिविर कार्य्रक्रम सञ्चालनमा खर्च गर्न समेत निर्णय भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

सि.नं. ११७ र ११८ मा भएको अन्य पालिकाको अवलोकन र प्रगतिवेदन कार्यक्रम **र** कर्मचारी तथा पदाधिकारी सकरात्मक क्षमता विकास कार्यक्रम हाल सम्म भएको छैन। कर्मचारी र पदाधिकारीहरु समेत आगामी आर्थिक वर्षको योजना तर्जु गर्ने कार्यमा खट्नुपर्ने अबको अवस्थमा यि कार्यक्रमहरु प्रभावकारी ढङगले सञ्चालन गर्न कठिन छ। यि कार्यक्रमहरुलाई अर्को आगामी आर्थिक वर्षको योजना तर्जुमा गर्दाको बखत प्राथमिकतामा राखी सञ्चालन गर्ने र हाल यसमा भएको विनियोजन संशोधन गरी फिदिम नगरपालिका क्यालेण्डर प्रकाशन र दन्त शिविर कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको कार्यक्रमबाट बचत हुन आएको तपसिलका योजना/कार्यक्रमबाट र समायाभावका कारण तत्काल कार्यान्वयन गर्न नसकिने कार्यक्रममा भएको विनियोजनलाई संशोधन गरी तत्काल आवश्यक रहेको, चाँडै सम्पादन गर्न सकिने कार्यक्रम खर्च गरी खर्च गर्न क्षमतालाई समेत बढाउनुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) आ.व. २०७८/७९ को लागि स्वीकृत वार्षिक विकास कार्यक्रमको सि.नं.५ मा रहेको चैनसिंह मार्ग सुधार विस्तार कार्यक्रमबाट बचत हुन आएको रकममध्ये रु. २२,०१,०४२ मात्र सि.नं. ४ को फाल्गुनन्द सर्किट निर्माण कार्यका लागि भएको विनियोजनमा देहायअनुसार थप गरी पेश हुन आएको प्रथम रनिङ बिलको भुक्तानी व्यवस्था मिलाउन कार्यालयलाई निर्देश गर्ने।

**देहायः**

| सि.नं. | कार्यक्रमको नाम | साविकमा भएको विनियोजन | थप/घट | कायम विनियोजन (संशोधित) | कैफियत |
|---|---|---|---|---|---|
| ५. | चैनसिंह मार्ग सुधार विस्तार | १,७६,००,००० | २२,०१,०४२(-) | १,५३,९८,९५८/०० | |
| ४. | फाल्गुनन्द सर्किट | ८५,००,००० | २२,०१,०४२(+) | १,०७,०१,०४२/०० | |

ख) फिदिम नगरपालिकाको २०७८/७९ को लागि स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ११६ र ११७ मा भएको विनियोजनलाई देहायअनुसार संशोधन गरी फिदिम नगरपालिका क्यालेण्डर छपाई र दन्त शिविर कार्यक्रम सञ्चालन गर्ने/गराउने।

| सि.नं. | कार्यक्रमको नाम | साविकमा भएको विनियोजन | थप/घट | कायम विनियोजन (संशोधित) | कैफियत |
|---|---|---|---|---|---|
| ११८. | अन्य पालिकाको अवलोकन र प्रगतिवेदन कार्यक्रम | ४,००,००० | ४,००,०००(-) | ० | |
| ११६. | कर्मचारी तथा पदाधिकारी सकरात्मक क्षमता विकास कार्यक्रम | २,००,००० | १,५५,०००(-) | ४५,०००/०० | |
| | फिदिम नगरपालिका क्लाण्डर छपाई | ० | २,३०,०००(+) | २,३०,००० | सि.नं. ११८ र ११६ बाट थप |
| | दन्त शिविर कार्यक्रम | ० | ३,२५,०००(+) | ३,२५,००० | सि.नं. ११८ र ११६ बाट थप |

वैठक संख्याः- ६७ वैठक मितिः- २०७९।०३।०७

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।०५

प्रस्ताव नं.- ९

विषयः– **विषयगत समितिहरुको गठन सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकताअनुसार राय, सल्लाह र सुझाव लिनका लागि र विषयक्षेत्रअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा सरिक हुन फिदिम नगरपालिका नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ को दफा १५ मा विषयगत समितिहरुको व्यवस्था गरिएको छ। सोअनुसार फिदिम नगरकार्यपालिकाको ६५ औँ बैठकले सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, बातावरण तथा विपद् व्यवस्थापन समिति र विधेयक समितिको गठन गरेको छ। कम सदस्य रहेका समितिहरुमा सदस्यहरु थप गरी विषयगत समितिहरुको पुर्नगठन गर्ने प्रस्ताव पेश हुन आएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

सम्बन्धित समितिमा रहने संयोजक प्रमुखले तोकेबमोजिम र सदस्यहरु कार्यपालिकाले तोकेबमोजिम रहने व्यस्था रहेको छ। समितिमा रहने सदस्यहरु चयन गर्ने सम्बन्धमा कुनै व्यवस्था नगरिएकोले सदस्यहरुको रुचि, क्षमता र आकाङ्क्षाको आधारमा गरिनु वैज्ञानिक हुने देखिन्छ। समितिमा रहने सदस्य संख्या यति नै हुनुपर्ने भन्ने व्यवस्था छैन। निर्णय प्रकृयालाई छिटो,छरितो एवं प्रभावकारी हुने प्रकारले समितिको आकार निर्धारण गर्नु उपयुक्त हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कुनै कुनै विषयहरु नगरकार्यपालिकाको बैठक समक्ष पेश गरिनुअघि अनिवार्य रुपमा विषयगत समितिमा छलफल गरिनुपर्ने भएको र नगर कार्यपालिकाका कार्यहरुलाई व्यवस्थित एवं प्रभावकारी बनाउन विषयगत समितिले सहयोग गर्ने भएकोले। स्थानीय तहको वार्षिक योजना निर्माणको प्रभावकारिताका लागि विषयगत समितिहरूको निरन्तर क्रियाशीलताको जरुरी रहेको र समितिको कार्यक्षेत्रलगायतका बारेमा पनि कार्यपालिकाका बैठकमा व्यापक छलफल र अन्तरक्रिया आवश्यक रहेको हुँदा।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ को दफा १५ मा भएबमोजिमको कार्यपालिका समितिहरु/विषयगत समितिहरु देहायअनुसार रहने गरी पुर्नगठन गर्ने निर्णय भयो।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

१) संयोजक- श्री गंगा बहादुर राई

२) सदस्य- श्री उपेन्द्र लावती

३) सदस्य- श्री पूर्ण लावती

४) सदस्य- श्री मञ्जु धमला

५) सदस्य- श्री निर बहादुर वि.क.

ख) आर्थिक विकास समिति

१) संयोजक- श्री नरेन्द्र गुरुङ
२) सदस्य- श्री डिल्ली कुमार राई
३) सदस्य- श्री जितेश राई
४) सदस्य- श्री चन्द्र कुमार तुम्बापो, वडा नं. ५
५) सदस्य- श्री प्रदिप बाँस्कोटा

ग) सामाजिक विकास समिति

१) संयोजक- श्री राज कुमार नेम्बाङ
२) सदस्य- श्री मानबहादुर जवेगु
३) सदस्य- श्री जानुका श्रेष्ठ
४) सदस्य- श्री सिमा तुम्बापो
५) सदस्य- श्री भिमा कुमारी दुलाल बाँस्कोटा

घ) पूर्वाधार विकास समिति

१) संयोजक – श्री भरत तुम्बापो
२) सदस्य- श्री सोम बहादुर गुरुङ
३) सदस्य- श्री बलबहादुर राई
४) सदस्य- श्री हिम ओती जवेगू
५) सदस्य- श्री तेजहाङ तुम्रोक

ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति

१) संयोजक- श्री दिल कुमार नेम्बाङ
२) सदस्य- श्री ओमराज थाम्सुहाङ
३) सदस्य- श्री डिल्लीराम विश्वकर्मा
४) सदस्य- श्री नविन ओझा

च) विधेयक समिति

१) संयोजक- श्री रुपेन्द्र तामाङ
२) सदस्य- श्री विपन तुम्रोक
३) सदस्य- श्री राजेन्द्र कुमार थापा
४) सदस्य- श्री राम बहादुर राई
५) सदस्य- श्री कविरमान तुम्बापो